सुचना सामाग्री नं.: ०२/२०७७-७८

IFAD
Investing in rural people

# उत्पादनमूलक लगानी प्रवर्द्धनका लागि ग्रामीण वित्त कार्यक्रम

(Promoting Productive Investment through Rural Finance Program)



## परिचय तथा कार्यक्रमको लक्ष्य

ग्रामीण उद्यम तथा विप्रेषण आयोजना "समृद्धि" ले उत्पादनमूलक लगानि सह-सम्भाग अन्तर्गत ग्रामीण स्तरमा रहेका सेवाग्राहीहरुलाई सहज वित्तीय पहुँच पुऱ्याउने लक्षलाई प्रमुखताका साथ अघि सारेको छ। आयोजनाले प्राथमिकतामा राखिएका पालिकाहरुमा रहेका वित्तीय संस्थाहरुको क्षमता विकास गर्ने तथा दिगो रुपमा सुलभ दरमा वित्तीय श्रोतमा पहुँच पुऱ्याउन स्थानीय स्तरका संस्थाहरु ठूला वित्तिय संस्थाहरुसँग सहकार्य गर्ने वातावरण सिर्जना गर्दछ । साथै राष्ट्रियस्तरका वित्तीय संस्थाहरुको सेवा विस्तार तथा प्रविधिमा आधारित उपयुक्त वित्तीय संयन्त्र एवं प्रणालीको विकास कार्यमा पनि सहयोग प्रदान गर्दछ ।

त्यसैगरी, आयोजनाका कार्यक्रम अन्तर्गत समावेशी आर्थिक विकासको वातावरण निर्माण गर्नका निमित्त वित्तीय साक्षरता अभियान निर्विकल्प र अनिवार्य सर्त भएको यथार्थलाई हृदयङ्गम गर्दै ग्रामीण समुदाय, आप्रवासि कामदार तथा तिनका परिवारका सदस्यहरुलाई लक्षित गरी वित्तीय शिक्षा तथा व्यापार/व्यवसाय साक्षरता तालिम सञ्चालनमा रहेको छ। यसको अभिवृद्धिका लागि आयोजना संग सहकार्य सम्झौता गरेका १५० सहकारी संस्था मार्फत समुदायस्तरमा करिब ५०,००० जनालाई आवश्यक प्रशिक्षण, तालिम सञ्चालन, तालिम पुस्तिका प्रकाशन तथा वितरण आदि वित्तीय साक्षरतासम्बन्धी सामग्रीको प्रचारप्रसारका विभिन्न क्रियाकलाप गर्ने अभिप्रायका साथ गतिबिधिहरु सुचारू रहेका छन् ।

भदौ, २०७८

## कार्यान्वयन क्षेत्र तथा लक्षित वर्ग



नेपालका पहाडी जिल्लाहरूलाई तराईको ठूलो बजारसम्म जोड्न सहज पार्न उत्तर-दक्षिण मूल सडक करिडोर अनुसार प्रदेश एक, प्रदेश दुई र प्रदेश तिन गरी १६ जिल्लाहरु क्रमशः तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ्ग, ओखलढुङ्गा, उदयपुर, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बाराका र सिन्धुलीका प्राथमिकतामा परेका स्थानीय तहहरुलाई आयोजनाले समेटेको छ ।

गरिब, बेरोजगार युवा, व्यवसाय विस्तार गर्न इच्छुक ग्रामीण लघु-साना उद्यमीहरू, आप्रावासीका परिवारहरू र आप्रवासनबाट फर्किएका व्यक्तिहरू लक्षित वर्ग हुन् साथै आयोजना सम्वद्ध कृषक तथा उद्यमीहरुलाई सहज वित्तीय पहुँचका लागि ग्रामीण क्षेत्रमा रहेका सहकारी तथा वित्तीय संस्थाहरुसंग समन्वय गर्नेछ ।

स्थानीय तहको कार्यक्षेत्रभित्र रहेका सहकारी संस्थाहरुको संस्थापन, अनुगमन, निरीक्षण र प्रवर्द्धनको कार्य प्रभावकारी रुपले गर्न सक्ने गरि क्षमता अभिवृद्धि गर्ने साथै सहकारी संग सम्बन्धित सेवा प्रवाहका लागि स्थानीय तहसंग रहेको क्षमता र सामर्थ्यको अधिकतम उपयोग गर्दै आफ्नो कार्यक्षेत्रभित्र सहकारी क्षेत्र बिकासमा दूरदृष्टि र संस्थागत संरचना क्षमता अभिवृद्धि गरि सहकारी संस्थाहरुलाई दिगो र समुन्नत बनाउन सामुहिक प्रयासको वातावरण तयार पार्नु समेत आयोजनाको उद्देश्य भित्र पर्दछ ।

## आयोजनाले सहकार्य सम्झौता गरेका कोष, बैंक तथा वित्तिय संस्थाहरूको विवरण

| | | |
|---|---|---|
| नागरिक लगानि कोष | Laxmi Bank<br>लक्ष्मी बैंक लिमिटेड | कृषि विकास बैंक लिमिटेड<br>प्रदेश १ कार्यालय |
| राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | कृषि विकास बैंक लिमिटेड<br>प्रदेश २ कार्यालय | सप्तकोशी विकास बैंक<br>बिराटनगर |
| साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | जिवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | आयोजना कार्यरत जिल्लाबाट सहकार्य सम्झौता गरेका प्रदेश १ र प्रदेश २''' का १५० सहकारी संस्थाहरू |

## हालसम्म हाँसिल भएका उपलब्धिहरु




११५ वटा सहकारी संस्थाहरुको पहिचान भई सम्झौता सम्पन्न ।



आयोजना र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. बीच लागत साझेदारीको अवधारणामा पहिलो ब्याचका ६५ वटा सहकारी संस्थाहरुको क्षमता विकास गर्दै आवश्यक थोक कर्जा उपलब्ध गराउने ।



वित्तीय शिक्षा तथा व्यवसायिक ज्ञान-१ (फिक-१) तालिम कार्यक्रममार्फत करिब १८० जना सहजकर्ताहरु तयार ।



आयोजनाका लाभग्राहीहरुले बैंक मार्फत सहुलियत कृषि कर्जाको सेवा सुलभ र सहज तरिकाले प्राप्त गर्नका लागि सहजीकरण ।



२०२१ मार्च मसान्त सम्म योजनाबाट सहलागानी प्राप्तगर्ने २०२१ जना लाभग्राही मध्ये ७८५ जनाले करिब ३० करोड बराबरको कृषि कर्जा उपभोग गरेको ।



कृषि उत्पादन प्रबर्द्धनका लागि सहकारीसंस्थाको मध्यस्ततामा सहुलियतपूर्ण कर्जा सहजीकरण गर्न स्थानीय निकायहरुलाई प्राविधिक सहयोग ।



आयोजनाले कार्यक्षेत्रका प्राथिमिकतामा परेका पालिकाहरुमा सेवा प्रदान गरिरहेका सहकारी संस्थाहरुलाई लक्षित गरेर सहकारीमा न्युनतम प्रविधि पहुँच कार्यक्रम संचालनार्थ कम्प्युटर लगयत अन्य सूचना प्रविधि सम्बन्धि उपकरण उपलब्ध गराइने कार्यको थालनी ।



आयोजनासँग सहकार्य सम्झौता गरेका सहकारी संस्थाहरु मार्फत समुदायलाई लक्षित करिब १८००० व्यक्तिलाई वित्तीय शिक्षा तथा व्यवसायिक ज्ञान-१ (फिक-१) तालिम कार्यक्रम संचालन ।



नागरिक लगानि कोषको सफ्टवेयर्सूचना व्यवस्थापन प्रणाली (MIS) स्तरोन्नति साथै आप्रवासीहरूले वैदेशिक रोजगारको आम्दानीलाई सोझै नागरिक लगानि कोषमा जम्मा गर्न सकिने प्रविधिका लागि सेवा प्रदायकमार्फत विशिष्टिकृत प्राविधिक सहयोग ।



आयोजना लागू भएका ५० स्थानीय निकयाहरुको सहकारी शाखा/बिभागको क्षमता अभिवृद्धि गर्दै कर्मचारी तालिम तथा प्रशिक्षण गराउने र स्थानीय तह मार्फत  CoPoMIS संचालन तथा अध्यावधिक गर्ने कार्यको थालनी ।

## कार्यक्रमको नियमन, अनुगमन तथा कार्यान्वयन प्रक्रिया

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., समृद्धि आयोजनाको ग्रामीण वित्त सह-सम्भाग, ज्ञान व्यवस्थापन अनुगमन तथा मुल्यांकन सह-सम्भाग विभागले संग सगै गर्ने कार्य सम्पादन निम्नानुसार रहेको छ;



आयोजना र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. बीच लागत साझेदारीको अवधारणामा सहकारी संस्थाहरुको क्षमता विकास गर्दै आवश्यक थोक कर्जा उपलब्ध गराउने कार्य गर्ने साथै आयोजनासँग सहकार्य सम्झौता गरेका सहकारी संस्थाहरु आन्तरिक रुपमा सबल बनाउदै लैजाने ।




आयोजनाका लाभग्राहीहरुले बैंक मार्फत सहुलियत कृषि कर्जाको सेवा सुलभ र सहज तरिकाले प्राप्त गर्नका लागि बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरुलाई आयोजनाको संचालन प्रक्रियाको जानकारी गराई आयोजनाका लाभग्राहिलाई सहुलियत दरको कृषि कर्जा उपलब्ध गराउने ।

सहकारीले संचालन गर्ने वित्तीय शिक्षा तथा व्यवसायिक ज्ञान-१ (फिक-१) तालिम प्रदान गर्ने दक्ष सहजकर्ता तयार गर्नका लागि एउटा सहकारीबाट २ (दुई) जान सहजकर्ताहरुलाई प्रशिक्षक प्रशिक्षण कार्यक्रम ।

आयोजनाको ग्रामीण वित्त सह-सम्भाग, ज्ञान व्यवस्थापन अनुगमन तथा मुल्यांकन सह-सम्भाग विभाग र आयोजनाका मातहतमा रहेका करिडोर कार्यालयहरूले गर्ने कार्य सम्पादन निम्नानुसार रहेको छ;

सहकारी संस्थाहरु प्रविधिको प्रयोग गरि प्राविधिक रुपले कार्य संचालन गर्न सक्षम भई दैनिक कारोबार गर्न सफ्टवेयरको प्रयोग गर्न सक्षम हुने ।

सहकारी संस्थाहरु मार्फत सदस्य, गैर सदस्य साथै समुदायलाई लक्षित गरि वित्तीय शिक्षा तथा व्यवसायिक ज्ञान-फिक-१ तालिम कार्यक्रम संचालन गर्दै समुदायलाई वित्तीय रुपले सुसूचित गर्ने सहकारीको वित्तीय सूचकहरुमा गुणात्मक वृद्धि र सुधार एवम् सदस्यता वृद्धि गर्नलाई वित्तीय शिक्षा तथा व्यवसायिक ज्ञान-१ (फिक-१) तालिम कार्यक्रम ।

नागरिक लगानी कोष आयोजनाको ज्ञान व्यवस्थापन, अनुगमन तथा मुल्यांकन विभाग तथा ग्रामीण वित्त सह-सम्भागको सहकार्यमा निम्न कार्य सम्पादन गरिन्छ;

विदेशबाट पठाउने विप्रेषण आय उत्पादनमूलक क्षेत्रमा लगानी विस्तार गर्न साथै लगानी तथा बचत मैत्रि अवसरको सिर्जना गर्नका लागि नागरिक लगानि कोषको सफ्टवेयर्सूचना व्यवस्थापन प्रणाली (MIS) स्तरोन्नति साथै आप्रवासीहरूले वैदेशिक रोजगारको आम्दानीलाई सोझै नागरिक लगानि कोषमा/नागरिक पेन्सन योजनामा  जम्मा गर्न सकिने प्रविधिका उपयुक्त वित्तिय संयन्त्र एवं प्रणालीको विकास गर्ने ।

त्यसैगरी आयोजनासंग सहकार्य सम्झौता भएका सम्बन्धित स्थानीय निकाय, आयोजनाको  ग्रामीण वित्त सह-सम्भाग र ज्ञान व्यवस्थापन अनुगमन तथा मुल्यांकन बिभागले निम्न कार्य गर्दछ;

आयोजनाको कार्यक्षेत्रभित्र रहेका स्थानीय तहहरुले निरन्तर रुपमा सहकारी संस्थाको संस्थापन, अनुगमन, निरीक्षण र प्रवर्द्धन कार्य प्रभावकारी रुपले गर्नका लागि प्राविधिक रुपमा सक्षम बनाउन स्थानीय तहहरुको सहकारी शाखा/बिभागको क्षमता अभिवृद्धि गर्दै कर्मचारी तालिम तथा प्रशिक्षण गराउने र स्थानीय तह मार्फत CoPoMIS संचालन तथा अध्यावधिक गर्ने प्राविधिक सहयोग गर्ने ।

तयार गर्नेः सन्तोष अधिकारी, सुजना धिताल

IFAD
Investing in rural people

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)**
Rural Enterprises and Remittances Project (RERP)
"Samriddhi"

**आयोजना व्यवस्थापन कार्यालय**
ईटहरी-सुनसरी
फोन नं ०२५-४७६४७३४७६४७६
ईमेलः info.rerp@moics.gov.np
फेसबुक पेजः RERP (SAMRIDDHI)
https://rerp.moics.gov.np